# नाट्यशाला (बहाल नियन्त्रण) नियमहरू, २०१७

नेपाल राजपत्रमा प्रकाशित मिति

२०१८।२।३०

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "नाट्यशाला (बहाल नियन्त्रण) नियमहरू, २०१७" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा,-

(क) "नाट्यशाला" भन्नाले सिंहदरवार नाचघर र त्यहाँ रहेका मालसामानसमेत जनाउँछ।

(ख) "तोकेको अधिकारी" भन्नाले नेपाल सरकारबाट यस कामको निमित्त तोकिदिएको अधिकारी सम्झनु पर्छ।

३. **इजाजतपत्र लिनु पर्ने** : नाट्यशालामा नाटकको प्रदर्शन गर्न गराउन चाहने व्यक्तिले देहायको कुरा समेत स्पष्ट खुलाइ तोकेको अधिकारीको समक्ष नाटकको प्रदर्शन गर्नुभन्दा सात दिन अगावै रीतपूर्वकको दरखास्त दिनु पर्छ :-

(क) साँस्कृतिक उत्थानको निमित्त टिकट लगाई वा नलगाई देखाइने, वा

(ख) सार्वजनिक संस्था वा सामाजिक कार्यको निमित्त कोष जम्मा गर्नलाई देखाइने वा,

(ग) व्यवसाय वा मनोरञ्जनको निमित्त टिकट लगाएर देखाइने, र

(घ) नाटक प्रदर्शन गर्ने अवधि र समय।

४. **इजाजतपत्र दिइने** : नियम ३ बमोजिम दरखास्त पर्न आएमा तोकिएको अधिकारीले नियम ५ को अधीनमा रही तोकिएको समयको निमित्त इजाजतपत्र दिन सक्नेछ।

५. **बहाल लिइने** : (१) नियम ४ बमोजिम इजाजतपत्र लिने व्यक्तिले तोकिएको अधिकारीलाई दैनिक ने.रु. ५०।- का दरले बहाल बुझाउनु पर्छ।

तर-

(क) साँस्कृतिक उत्थानको निमित्त टिकट नलगाई वा सार्वजनिक संस्था वा सामाजिक कार्यको निमित्त कोषमा जम्मा गर्नलाई देखाइने नाटकको निमित्त बहाल लाग्ने छैन।

(ख) साँस्कृतिक उत्थानको निमित्त टिकट लगाई देखाइने नाटकको निमित्त दैनिक ने.रु. २५।- का दरले मात्र बहाल लाग्नेछ।

(ग) उपनियम (१) बमोजिम बुझाउनु पर्ने बहाल वापतको रुपैयाँको ५० प्रतिशत इजाजतपत्र प्राप्त गर्नु अगावै र बाँकी रहेको रुपैयाँ नाटक प्रदर्शनको अवधि समाप्त भएको सात दिन भित्र बुझाउनु पर्छ।

६. **इजाजतपत्रको समाप्ति** : (१) यी नियमहरूमा जे सुकै लेखिएको भए तापनि नेपाल सरकारले आवश्यक सम्झेमा कुनै इजाजतपत्रको अवधि र समय हेरफेर गर्न वा कुनै इजाजतपत्रलाई स्थगित गर्न वा रद्द गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम रद्द गरिएको इजाजतपत्रको अवधिको निमित्त कुनै किसिमको बहाल लाग्ने छैन ।

७. **नाट्यशालाको सुरक्षा** : नाट्यशालाको वा त्यसको कुनै माल हिनामिना वा नोक्सान भए गरेमा वा गराएमा सो कुराहरूको जवाफदेही नाटक प्रदर्शन गर्ने गराउने व्यक्तिको हुनेछ।

८. **यी नियमहरू बमोजिम हुने** : यी नियमहरूमा लेखिएको कुरामा यी नियमहरू बमोजिम र अरूमा प्रचलित कानून बमोजिम हुनेछ।

९. **तोकेका अधिकारीलाई विश्वास हुनुपर्ने** : साँस्कृतिक उत्थानको निमित्त गरिने भनेको नाटक प्रदर्शन वास्तवमा साँस्कृतिक उत्थानको निमित्त हो भन्ने विश्वास तोकेको अधिकारीलाई नभै यी नियमहरू बमोजिम बहालमा छूट पाउन सक्नेछैन ।

नेपाल कानून आयोग